क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ८२, २०८२ भदौ १९ गते बिहीबार (4 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

## चीनबाट ओली फर्किएपछि सरकारले भन्यो

# ‘अब भारत भ्रमणको तयारी गर्छौं, लिपुलेकको अडान राख्छौं’





**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १८ भदौ**

सरकारले प्रधानमन्त्रीको चीन भ्रमण सफल भएको बताउँदै अब भारत भ्रमणको तयारीमा लाग्ने जनाएको छ। प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका क्रममा पनि लिपुलेकबारे नेपालको अडान राख्ने सरकारको भनाइ छ । प्रधानमन्त्री केपी शर्मा ओलीको पाँच दिने चीन भ्रमणबाट स्वदेश फर्किएपछि त्यसबारे जानकारी दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा गरिएको पत्रकार सम्मेलनमा परराष्ट्र सचिव अमृतबहादुर राईले यो जानकारी दिएका हुन्। उनले चीन भ्रमणका क्रममा भएका उपलब्धि र गतिविधिबारे प्रेस विज्ञप्ति पढेर सुनाएका थिए । त्यस क्रममा उनले प्रधानमन्त्री ओलीले सांघाई सहयोग संगठनको शिखर सम्मेलनमा भाग लिएकोदेखि विभिन्न मुलुकका शीर्ष नेताहरुसँग भएको द्विपक्षी वार्ताका बारेमा जानकारी दिएका थिए। चिनियाँ राष्ट्रपति सी चिनफिङसँग द्विपक्षीय सहयोग आदान-प्रदानसम्बन्धी विषयका अतिरिक्त लिपुलेकलाई व्यापार नाकाका रुपमा प्रयोग गर्ने भारत-चीन सम्झौताप्रति आपत्ति जनाउँदै उक्त सम्झौता प्रयोग नगर्न प्रधानमन्त्री ओलीले आग्रह गरेको राईले उल्लेख गरे ।

त्यसपछि सञ्चारकर्मीहरुले चीनमा जस्तै गरी भारतमा पनि यो अडान राख्छन् त भन्ने प्रश्नमा राईले भने, ‘नेपालले जहिल्यै पनि प्राथमिकताहरू, अडानहरू सधैं तयारीमा रहन्छ। परराष्ट्र मन्त्रालय जहिल्यै पनि तयारीमा रहन्छ।’ अब भारत भ्रमणको तयारीमा सरकार लाग्ने बताउँदै उनले थपे, ‘अब भारतको तयारीमा लाग्छौं । निश्चितै रुपमा ।’ नेपालले सधैँ आफ्ना प्राथमिकता र अडानहरूको तयारी गरिरहने उनको भनाइ थियो ।

## नेपालले चीनको जीएसआईमा समर्थन गरेको छैन: सरकार

चीनले अघि सारेको ग्लोबल इनिसिएटिभ्स (जीएसआई)मा नेपालले समर्थन नगरेको सरकारले स्पष्ट पारेको छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको प्रतिनिधिमण्डल स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्र सचिव अमृतबहादुर राईले यो जानकारी दिएका हुन् । भ्रमणमा रहेर सँगै फर्किएका सचिव राईले पत्रकार सम्मेलनमा सञ्चारकर्मीका जिज्ञासा सम्बोधन गर्ने क्रममा चीनले अघि सारेको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ्स (जीडीआई) मा नेपालले समर्थन गरेको भए पनि त्यसबाहेकका कुरामा समर्थन नगरेको बताएका हुन्। प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच शनिबार भएको द्विपक्षीय भेटवार्तापछि चीनले जारी गरेको विज्ञप्तिमा नेपालले पनि जीएसआईमा समर्थन जनाएको उल्लेख छ। जीएसआई सैन्य वा सुरक्षा गठबन्धन प्रकृतिको मञ्च भएकाले त्यो नेपालको असंलग्न परराष्ट्र नीति विपरीत हुने भनी विभिन्न क्षेत्रबाट चासो व्यक्त भइरहेको छ। सचिव राईले त्यस विषयमा स्पष्ट पार्दै भने, ‘चीनका जुन इनिसिएटिभहरु छन्, तीमध्ये ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ्सलाई समर्थन गरेको छ । संयुक्त राष्ट्र संघमा यसको ग्रुप अफ फ्रेन्ड्स् जुन गठन भएको छ, त्यसमा नेपाल पनि संलग्न छ । नेपाल अरु कुरामा नेपालले समर्थन जनाएको छैन। अरु कुराहरुमा नेपाल प्रवेश गरेको छैन। यो कुरामा तपाईँहरु स्पष्ट हुनुहोला ।’

# कञ्चनपुरमा चालकको लापसे जाँच, १८ को परीक्षण गर्दा ४ जना भेटिए



**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १८ भदौ**

पूर्व पश्चिम महेन्द्र राजमार्गमा चल्ने सवारी साधनका चालकको लागुपदार्थ सेवन जाँच गरिएको छ । स्वास्थ्य कार्यालय र महाकाली अस्पतालसंगको सहकार्यमा जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरले चालकको लागुपदार्थ सेवन जाँच गरेको हो ।

महेन्द्रनगर धनगढी रुटमा चल्ने चार पाङ्गे सवारी साधनका चालकको लापसे जाँच गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक लक्ष्मण पचभैयाले बताए ।

उनका अनुसार १८ जनाको लापसे जाँच गर्दा ४ जना चालकले लापसे गरेर सवारी साधन चलाएको पाइएको छ । उनीहरूलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पठाइएको छ । उनीहरूले चलाएको गाडीमा सवार यात्रुलाई अर्को गाडीमा बसालेर गन्तव्यतर्फ पठाइएको प्रहरी निरीक्षक पचभैयाले बताए ।

महेन्द्र राजमार्गमा सडक दुर्घटना बढ्दै गएपछि दुर्घटना न्यूनीकरण र लापसे गरेर सवारी साधन चलाउने कार्यलाई निरुत्साहित गर्न जाँच गरिएको हो । ‘चालु आर्थिक वर्षमा दोस्रो पटक लापसे जाँच सुरु गरेका छौँ। यो अभियान निरन्तर दिने प्रयास गरिएको छ। मापस निरन्तर जाँच भएपनि किट अभाव हुँदा लापसे जाँच गर्न सकिँदैन,’ प्रहरी निरीक्षक पचभैयाले भने, ‘किट महङ्गो हुनाले हामीसँग उपलब्ध छैन ।’

यसअघि १ साउनमा गरिएको लापसे जाँचमा पनि ४ जना चालक कारबाहीमा परेका थिए ।

# रौलेश्वरको अध्यक्ष बन्न भट्ट, जोशी र पण्डित चुनावी मैदानमा

**-पश्चिम नेपाल संवाददाता**
**बेलडाँडी, १८ भदौ**

कञ्चनपुरको एक क्याम्पसमा संचालक समिति चयनका लागि निर्वाचन हुन लागेको छ । जिल्लाको दक्षिणी क्षेत्र बेलडाँडी गाँउपालिका २ मा रहेको रौलेश्वर जनता आर्दश बहुमुखी क्याम्पस संचलन समिति चयनका लागि निर्वाचन हुन लागेको हो ।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त उक्त क्याम्पस संचालक समिति चयनमा अभिभावक(क्याम्पसका सदस्य)विच सहमती हुन नसकेपछि चुनावी प्रकृयाबाट छनौट गर्न लागेको क्याम्पस प्रशासनले जनाएको छ । क्याम्पसको चौथो संचालक समिति चयनका लागि २१ भदौं(शनिबार) निर्वाचनको मिति चयन गरिएको छ । क्याम्पस प्रमुख प्रयागराज जोशीले त्रिविको विद्यान अनुरुप क्याम्पसबाट एक जना मात्रै छनौट गरेर माथि पठाउनुपर्ने प्रावधान अनुरुप क्याम्पसमा पटकपटक सहमती हुन नसकेपछि अध्यक्ष सहितका अन्य सदस्य छनौटका लागि चुनावी प्रकृयामा जानु परेको बताए ।

अध्यक्षका लागि ईश्वरीदत्त भट्ट, पवन कुमार जोशी र पुष्पकमल पण्डित चुनावी मैदानमा होमिएका छन । यस अघि अध्यक्ष समेत रहेका भट्ट फेरी क्याम्पस हाक्ने योजनाका साथ अघि बढेका छन । स्वास्थ्यकर्मी समेत रहेका पवन कुमार जोशीले बेलडाँडीको उच्च शिक्षा सुधारका लागि नेतृत्व लिन चाहेका छन। भने, पुर्व विद्यार्थी एव निवर्तमान बेलडाँडीका जनप्रतिनिधी पुष्पकमल पण्डितले पनि गाँउको उच्च शिक्षा सुधारका लागि नेतृत्व लिन चाहेका छन । भट्ट, जोशी र पण्डित मध्ये निर्वाचितलाई अनुमोदनका लागि क्याम्पसले त्रिविलाई पत्राचार गरेपछि त्रिविकै सहमती अनुरुप तिनै व्यक्ति क्याम्पस संचालक समितिको अध्यक्ष बन्नेछन। ५ खुला सदस्यका लागि मदनसिह खत्री, नरेन्द्र बहादुर रोकया, महेश विष्ट, सुकन्दराज सोती, चक्र बहादुर शाह, भुवनेश्वर पण्डित, बीर बहादुर विष्ट, बीर बहादुर बडुवाल, सञ्जिव विक्रक सिह(धुव्र), बेद प्रकास जोशी र महेशराज जोशीले उम्मेदवारी दर्ता गराएका छन । २ महिला सदस्यका लागि कमलादेव कार्की, लोकमाया जेठारा, कलावती देवी बम, कृष्णा गिरी, २ बुद्धिजिवी सदस्यका लागि बीर बहादुर सिह( ठकुरी), राम प्रशाद जैसी, जयलाल भट्ट, र ाधाकृष्ण पाठकले उम्मेदवारी दर्ता गराएका छन । यस्तै आदिवासी, जनजाती, दलित सदस्य तर्फ लक्ष्मण सुनार निर्बिरोध निर्वाचित भएका छन ।

सुनारको मात्रै एकल उम्मेदवारी परेपछि उनी स्वत निर्बिरोध निर्वाचित भएका हुन । १८ बर्ष अघि अर्यात ०६४ सालमा ग्रामिण भेगका विद्यार्थीलाई शिक्षा गाँउमै दिलाउने उदेश्यले स्थापना भएको उक्त क्याम्पस सुधार बृद्धि विकासका लागि नेतृत्व लिन चाहेको बताईरहेका छन। कुल १सय ७२ मतदाता र हेको क्याम्पसमा यस पटक चुनावी महोलले तातेको छ। अभिभावकहरुले क्याम्पस सुधार का लागि अगुवा नेताहरु गम्भिर हुनुपर्नेमा जोडदिएका छन ।

## प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्

# भिमदत्त बहुप्राविधिक शिक्षालय

## पाटन, बैतडी

CTEVT 1989

### डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन एग्रीकल्चर(प्लान्ट साइन्स) र डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग पूर्ण शुल्कीय तर्फ रिक्त कोटामा निवेदन आह्वान सम्बन्धी सूचना

**सुचना प्रकाशित मिति : २०८२ भदौ १७ गते**

उपरोक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरद्धारा प्रवेश परीक्षा सम्बन्धी प्रकाशित सुचना अनुसार डिप्लोमा इन एग्रीकल्चर(प्लान्ट साइन्स) र डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग पूर्ण शुल्कीय तर्फ **मिति २०८२/०४/२० गतेसम्म आवेदन दिएका** प्रशिक्षार्थीहरुको परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयको मिति २०८२/०४/२३ र मिति २०८२/०४/२५ गते **GPA** को आधारमा नतिजा प्रकाशित सुचना बमोजिम कोटा अनुसार आवेदन नपरि केही कोटाहरु रिक्त रहन गएकाले भर्ना सम्बन्धी निर्देशिका २०८२ को दफ १९ बमोजिम तपशिल अनुसारका रिक्त कोटाहरुमा भर्नाको लागि यस शिक्षालयको कृषि कार्यक्रम, सिभिल कार्यक्रम, फर्मेसी कार्यक्रमको पास लिस्टको सूचीमा रहेका ईच्छुक उम्मेदवारबाट ०५(पाँच) दिनको म्याद राखी मिति २०८२/०५/२१ गतेसम्म शिक्षालयमा निवेदन पेश गर्न निवेदन आह्वान सम्बन्धी सुचना प्रकाशित प्रकाशित गरिएको व्यहोरा सम्बन्धीत सबैलाई यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रम | रिक्त कोटा | कोटा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | डिप्लोमा इन एग्रीकल्चर (प्लान्ट साइन्स) | खुल्ला | २९ | |
| २ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | खुल्ला | ३० | |

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

## निर्माण व्यवसायी संघको १५ औं अधिवेशन

# सरल र मिजासिला स्वभावका ठकुराठी महासचिवको दौडमा

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १८ भदौ**

भीमदत्त नगरपालिका १८ गोबरैयाका योगेन्द्र ठकुराठी र भीमदत्त नगरपालिका ६ ऐंठपुरका देबीदत्त भट्टबीच विद्यार्थी जीवनदेखि सम्बन्ध हो। बैजनाथ माध्यमिक विद्यालयमा ठकुराठी कक्षा ८ मा पढ्दा भट्ट १० मा पढ्थे। ठकुराठी भट्टलाई दाई भन्छन्।

उनीहरु दुबै जना निर्माण व्यवसायी संघको कञ्चनपुरको वर्तमान समितिमा छन्। ठकुराठी संघको महासचिव र भट्ट सदस्य हुन्। १४ औं निर्वाचनमा उनीहरु दुबै जना चुनाव लडेर संघमा आएका हुन्।

भदौ २१ गते हुने १५ औं निर्वाचनमा उनीहरु दुबै जना एक अर्काका प्रतिस्पर्धी हुने भएका छन्। उनीहरु महासचिवका उम्मेदवार हुन्। ठकुराठी निरञ्जन प्रसाद भट्ट र देबीदत्त भट्ट पुष्पराज अवस्थी प्यानलबाट महासचिवका उम्मेदवार छन्।

'हामी दुई जनाबीच पहिलादेखि नै चिनजान र सम्बन्ध हो, वहाँ मेरो दाई हो, म बैजनाथमा कक्षा ८ मा पढ्दा वहाँ १० मा पढ्नु हुन्थ्यो' ठकुराठीले भने,'हामीबीच आत्मिय सम्बन्ध छ, यो चुनाव संघको हो, प्रतिस्पर्धी मात्रै हौ, सम्बन्ध हाम्रो समान रहन्छ।'

५० को दशकदेखि निर्माण व्यवसायमा लागेका ठकुराठी निर्माण व्यवसायी संघमा सदस्य, सचिव हुँदै १४ औं निर्वाचनबाट महासचिव भएका हुन्। उनी फेरि महासचिव दोहोरिने गरी चुनावी प्रतिस्पर्धामा छन्। संघको १२ औं अधिवेशनबाट सदस्य र १३ औं बाट सचिव निर्वाचित भएका हुन्। सदस्य, सचिव र महासचिसम्म उनी क्रमशः उक्लिएर १५ औं अधिवेशनमा दोहोरिनको कारण



व्यवसायीहरु भएको ठकुराठी बताउँछन्। 'म सदस्य, सचिव हुँदै महासचिव भए, अहिले फेरि सबै साथीहरुको इच्छा अनुसार महासचिव दोहोरिन खोजे' उनले भने,'सबै साथीहरुले मलाई यही पदमा रुचाएकाले हो, म फेरि महासचिव लड्दैछु।' प्यानलको चुनावी प्रतिवद्धता सहित प्रचारप्रसारमा सक्रिय उनले सबैका हकहितका लागि प्यानल बनाएर अघि बढेको उनी बताउँछन्। 'प्रचार प्रसार राम्रो, प्यानल बिजयी गराउनु भनेर लागेको छौ' उनले भने,'यो समितिले तीन वर्षमा गर्न नसकेका केही अधुरा काम छन, त्यस बाहेकका नयाँ काम गर्ने भनेर हामी व्यवसायी साथीहरुलाई भनि रहेका छौ।'

महासचिवको तीन वर्षे कार्यकालको अनुभवले संघ र व्यवसायीहरुको हकहितका लागि काम गर्न सहज हुने विश्वास उनले व्यक्त गरे।

तीन वर्षे कार्यकालमा आफूले व्यवसायीहरुको चित्त दुख्ने गरी काम नगरेको र आफूसित व्यवसायीका गुनासो समेत नभएको उनले बताए।

'व्यक्तिगत हिसाबले सबैको हकहित अनुसार काम गरिएको छ, प्यानलको एजेण्डा छ, त्यस अनुसार अघि बढेका छौ' उनले भने।

निर्वाचनमा आफूहरुले व्यवसायीले समयमा भुक्तानी नपाउने समस्या, ल्याब स्थापना र संघ बाहिरका व्यवसायीलाई संघमा ल्याउने लगायतका एजेण्डा व्यवसायीसम्म लगेको उनले बताए।

'ल्याबको समस्या छ, कैलाली, बाँके, बर्दियासम्म जानु पर्ने अवस्था छ, संघको खाली जग्गामा पनि बनाउन सकिन्छ' उनले भने,'यो कार्यकालमा पनि प्रयास त गऱ्यौ, तर सफल हुन सकेनौ।'

संघको सदस्यता शुल्क घटाउने कुरालाई पनि आफूहरुले चुनावी प्रचारमा समावेश गरेको उनले बताए। संघको सदस्यता शुल्क एक लाखबाट ५० हजार हुँदै घटेर हाल ११ हजार पुगेको छ। संघभित्र सदस्यता शुल्क घटाउनु पर्ने व्यवसायीहरुको माग छ।

२०३३ मा भीनपा १८ गोबरैयामा जन्मिएका उनी सिद्धनाथ बहुमुखी क्याम्पसमा अध्ययनपछि व्यवसायमा लागेका हुन्। ठकुराठी परिवार पुर्ख्यौली व्यवसायिक परिवार हो।ठकुराठीका बुवा राम सिह ठकुराठी धार्मिक क्षेत्रमा परिचित नाम हो। उनी ९४ वर्षका छन्। किराना पसलसंगै बुवा र ामसिहले निर्माण व्यवसायीको लाइसेन्स लिएपछि ठकुराठी परिवार ठेक्कापट्टामा जोडिएको हो।

प्रारम्भिक शिक्षा बाल संगठन बाल मन्दिर मा उनी विद्यार्थी जीवनमा बुवाको व्यवसायमा सहयोग गर्थे। उनका दुई दाई लोग बहादुर ठकुराठी र रनध्वज बहादुर ठकुराठी पनि पसलमा बस्थे। जेठा रनध्वन यातायात क्षेत्र र लोग बहादुर निर्माण व्यवसाय क्षेत्रमा छन्।

ठकुराठीका दाई लोग बहादुर २०४२ मा निरज कन्स्ट्रक्सन खोलेका थिए। महासचिव ठकुराठी २०५० देखि दाईको कम्पनीसित जोडेर निर्माण व्यवसायमा आएका हुन्। २०६६ मा उनले आफ्नै निर्माण कम्पनी वाइटी कन्स्ट्रक्सन खोलेका हुन्।

'दाई लोग बहादुर ठकुराठीले २०४२ तिर निर्माण व्यवसायतिर लाग्नु भयो, म किराना पसल हेर्ने गर्थे, ' उनले भने,' २०५१ देखि निर्माण काम गर्दै आएको छु, साइड हेर्ने कामबाट अघि बढे, हेर्दाहेर्दै व्यवसाय राम्रो छ भन्ने लाग्यो, अहिलेसम्म यहीं व्यवसायमा छु।'

महासचिव ठकुराठी सरल र मिजासिला स्वभावका छन्। थोरै बोल्ने उनी व्यवसायमा लगावले सफलता मिल्ने बताउँछन्।

'सबै व्यवसायको आफ्नो महत्व हुन्छ, व्यवसाय गर्दा बाधा अवरोध आउँछन्, ती सबै सहन गरेर अघि बढ्न सके मात्रै सफलता पाइन्छ' उनले भने।

# युवा व्यवसायी नविन सदस्यको दौडमा

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १८ भदौ**

निर्माण व्यवसायी संघ कञ्चनपुरको निर्वाचनमा युवा यवसायी नविन चन्द सदस्को दौडमा छन्। नेतृत्व सहित पदाधिकारी प्यानल अनुरुप चुनावी मैदानमा होमिएपनि सदस्य तर्फ भने खुला रुपमा दर्जनौं युवाहरु चुनावी मैदानमा होमिएका छन। झण्डै एक दशकदेखि निर्माण व्यवसाय गर्दै आएका चन्द आशलाग्दा व्यक्ति हुन। बाशुलिङ्ग कन्स्क्ट्रक्सन एण्ड सप्लायर्स प्रालिका संचालक समेत रहेका चन्दले नविनतम सोचका साथ संघको सदस्यमा उम्मेदवारी घोषणा गरेर दौडधुप बढाएका छन। डेढ दशकअघि अध्ययनका लागि काठमाडौं गएका चन्द ०७२ सालको महाभुकम्पका बेला राजधानी काठमाण्डौं सहितका विभिन्न स्थानमा निर्माणको कामको महत्व देखेर निर्माण व्यवसाय



रोजेका थिए। आफन्तसंगै मजदुरी गरेका चन्द आफ्नै पौरखले निर्माण व्यवसायको यात्रामा प्रवेश गरेका हुन्। उनले सफलतापुर्वक सन्तोषजनक र गुणस्तरिय काम गर्दै आएका छन। 'पछिल्ला दिनहरुमा हामीहरुविच अस्वस्थ प्रतिस्पर्धा चलिरहेको छ, यसको लाभ अरुलाई नै भईरहेको छ, हामी बिलोमा ठेक्का लिन्छौं, 'उनले भने, 'यस्तो बिलोमा लिने ठेक्काले न हामी, न सरकार न जनता र नत देशलाई नै फाईदा हुन्छ, यस्ता समस्याबाट मुक्तिका लागि मैले अहिले सदस्य बन्ने चाहना राखेको छु।'

विकास निर्माणका योजना तर्फको अतिबिलोमा लिने ठेक्का प्रकृयाले सत्यनास गरिरहेको भन्दै अब आफुले सदस्यको जिम्मेबारीमा आएपछि त्यो अन्त्यका लागि पहल गर्ने प्रतिज्ञा गरेका छन। बेलौरी नगरका स्थानीय समेत रहेका चन्द निर्वाचन क्षेत्र १ बाट सदस्यका लागि एक्ला उम्मेदवार हुन। उनले सबै मतदाताहरुसंग आफुलाई सहयोगका लागि अपिल गरिरहेका छन। दक्षिणी क्षेत्रको समेत संघका प्रतिनिधित्व हुने भएकाले सहयोग गरेर संघलाई जिल्लाभरीकै दायित्व बहनका लागि समेत अनुरोध गरेका छन।

# ईन्जिनियर हेम महरा सह–कोषाध्यक्षको दौडमा

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १८ भदौ**

आउँदो शनिबार २१ भदौंमा निर्माण व्यवसायी संघ कञ्चनपुरको नयाँ कार्य समिति चयनका लागि निर्वाचन हुँदैछ। संघको १५ औं कार्यकारिणी समिति चयनका लागि हुने निर्वाचनमा निर्माण व्यवसायी विभिन्न पदमा देखिएका छन। पछिल्ला बर्षहरुमा निर्माण व्यवसायी क्षेत्रमा पनि पढेलेखेका युवाहरु समेत देखिन थालेका छन। युवा निर्माण व्यवसायी मात्रै होईन ईन्जिनियर समेत रहेका हेम बहादुर महरा पनि चुनावी मैदानमा उत्रिएका छन। एकेडेमिक रुपमा ईन्जिनियर अध्ययन गरेका युवा निर्माण व्यवसायी महरा संघको सहकोषाध्यक्ष पदको मैदानमा उत्रिएका हुन।

महरा निर्माण सेवा प्रालिका प्रबन्ध निर्देशक सिभिलियन विल्डर्सका सचालक समेत रहेका युवा सफल निर्माण व्यवसायी महरा संघको पदाधिकारीको दौडमा छन। कञ्चनपुरमा मात्रै होईन जिल्ला बाहिर समेत विभिन्न जिल्लाहरुमा सफलतापुर्वक कामकाज सम्पन्न गरेका महरा झण्डै डेढ दशक बढी समयदेखि निर्माण व्यवसायीमा होमिएका छन। युवा निर्माण व्यवसायी महरा निरन्जन प्रशाद भट्ट प्यानलबाट सहकोषाध्यक्षका उम्मेदवार हुन। यस अघि ०७९मा पनि उनी भट्टकै टिमबाट सचिवका उम्मेदवार थिए, उतिबेला झिनोमतले पराजित भएका महरा अहिले फेरी साहसका साथ सहकोषाध्यक्षकै लागि चुनावी मैदानमा होमिएका छन। बाबु दामोदर महराको प्रेरणाबाट निर्माण व्यवसायी पेशामा संलग्न भएका महराले अध्ययन, अभिभावकले अंगाल्दै आएको पेशा र अनुभवका



आधारमा निर्माण क्षेत्रमा जुटेको बताए। एक कार्यकाल सदस्यको जिम्मेबारी निर्वाह गरिसकेका महराले आम व्यवसायीका दैनिक जिवनदेखि अन्य पेशागत समस्यामा आईपर्ने समस्या समाधान गर्दै दिगो विकास र सम्बृद्धिमा लागि मर्यादित पेशा बनाउनका लागि पदाधिकारीको उम्मेबार बनेको बताए।

सदस्यपछि पहिलो पटक पदाधिकारीमा सफलता नपाएपछि दोस्रो कार्यकालमा सफलता पाईने विश्वासका साथ अघि बढेका छन। 'म मेरो शिक्षा, अभिभावकले सम्हालेको पेशा र अनुभवबाट अहिले सहकोषाध्यक्ष पदको जिम्मेबारी लिन चाहन्छु, 'महराले भने, 'आम निर्माण व्यवसायीलाई पर्ने समस्यामा साथ दिन्छु।' महराले विशेष गरेर ए देखि डी क्लाससम्मका निर्माण व्यवसायीविच राज्यले गरेको विभेद अन्त्य गर्ने आफ्नो योजना रहेको बताए। 'राज्यले नै हामी निर्माण व्यवसायीविच विभेद खडा गरि दिएको छ, 'उनले भने, 'सो विभेद पनि अन्त्य गर्छु।' 'ए' क्लासका निर्माण व्यवसायीलाई १५ महिना माथि र २ करोड माथिका ठेक्का दिईन्छ, 'उनले भने, 'सो विभेद हटाउन पहल गर्छु, राष्ट्र बैकको ईन्डेक्सकै आधारमा साना व्यवसायीलाई समेत मुल्य अभिबृद्धि दिलाउन पहल गर्छु।'

साना व्यवसायीको हकहितका लागि काम गर्ने बताउदै उनले 'डि' श्रेणीका निर्माण व्यवसायीसग ईन्जिनियर प्राविधिक जनशक्ति नहुँदा आईपर्ने समस्या समाधानका लागि संघबाट प्राविधिक जनशक्ति उपलब्ध गराउने बताए। महराले व्यवसायिक हकहितका साथै सस्थाको विकासका लागि पहल गर्ने बताए। 'म संस्थाको विकासका लागि काम गर्छु, 'उनले भने, 'त्यसैले सहकोषाध्यक्षको पद रोजेको हुँ।' आम निर्माण व्यवसायीका व्यवसायिक समस्या समाधानका लागि पहल गर्दै सहज व्यवसायमा सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका छन। 'आम निर्माण व्यवसायीको संस्थागत हक हितका लागि काम गर्छु, 'उनले भने, 'एक पटक मलाई सहयोग गरिदिनुहोस, तपाईले गरेको विश्वास खेर जान दिदैन।' भीमदत्त नगर का स्थानीय समेत रहेका महराले निर्माण क्षेत्रमा देखिएका समस्या क्रमिक रुपमा समाधान गर्दै एकातिर व्यवसायी अर्कातिर जनताको हितका लागि काम गर्ने प्रतिज्ञा गरेका छन। आफुलाई सघाउनका लागि जिल्लाभरी भेटघाट गरेको महराले बताए। यस अघि पनि निर्माण व्यवसायी संघका पुर्व पदाधिकारीले महरा टिमकै पदाधिकारीलाई सहयोगका लागि आब्हान गरेका छन। यस पटक सहयोगका लागि महराले आम निर्माण व्यवसायीसंग अपिल गरेका छन।

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

## रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिाह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ।

**बर्ड फ्लु रोगका लक्षणहरु:**
- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने। – कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु
- आँखा र नाकबाट पानी चुहिनु – सिउर लोती र खुट्टा निलो हुनु।
- श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु। – झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगरपालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ।

सुदुरपश्चिम प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
दिपायल,डोटी

## के तपाईलाई थाहा छ ?

**–हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि। –तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ। –पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ। –साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने।**

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

# रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरुः**

- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने ।
- कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु
- आँखा र नाकबाट पानी चुहिनु
- सिउर लोती र खुट्टा निलो हुनु ।
- श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु ।
- झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगर पालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर

---

# सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय कार्यालय

महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

---

जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

# नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था

यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
- Finance
- Accountancy
- Management

Humanities (B.A)
- English
- Rural Devlopment
- Sociology and Anthropology
- Nepali
- Economics
- Social work
- BCA It related subject

Education (B.Ed) 4 years
- English Education
- Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
- Arts (Law)
- Management (Business and Computer)

**हाम्रा विशेषताहरू**

- अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
- विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
- त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
- न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
- जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था
- विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**

BBS & B.Edm

**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म

**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि

**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म

**भर्ना कार्यक्रम** BCA

फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म

**प्रवेश परीक्षा** : भदौ २८ गते

**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



विस्तृत जानकारीका लागि सम्पर्क

## जनज्योति बहुमुखी क्याम्पस

भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०८६, ९८५८७७५०८३

---

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर

सी एस डी कैंटीन के सामने, खटीमा

**डॉ. योगेश नागेंदर**

M.B.B.S., MD, DM (Cardiology)

**वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव**

एंजियोग्राफी | पेसमेटर | एंजियोप्लास्टी

**विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार**
**समय-दिन 2 से सायं 5 बजे)**

BOOK AN APPOINTMENT Mob. 9675533333

Ujala Cygnus

सेंट्रल हॉस्पिटल हल्द्वानी

---

# निर्माण व्यवसायी संघ कञ्चनपुर

## २८ औं वार्षिक सारा सभाको कार्यक्रम सम्बन्धि सूचनाको समय संशोधन गरिएको बारे

निर्माण व्यवसायी संघ कञ्चनपुरको २८ औं वार्षिक साधारण सभाको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने व्यहोरा यस संघका सम्पूर्ण साधारण सदस्यज्यूहरुलाई यसै सूचना मार्फत जानकारीका लागि अनुरोध गरिन्छ ।

**कार्यक्रम**

**मिति** :- २०८२ भदौ २० गते शुक्रबार **समय** : चियापान बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म

उद्घाटन समारोह : -९:०० बजे **स्थान** : -ममताज पार्टी प्यालेश, भीमपा ३ कञ्चनपुर

---

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर

सी एस डी कैंटीन के सामने, खटीमा

**डॉ. गणेश बी. एल.**

M.Ch. (Neurosurgery) (DELHI AIIMS)

**वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)**

क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?

खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ

**विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार**
**समय-दिन 2 से सायं 5 बजे)**

BOOK AN APPOINTMENT Mob. 9675533333

Ujala Cygnus

सेंट्रल हॉस्पिटल हल्द्वानी

---

# सुदूरपश्चिम विश्वविद्यालय

केन्द्रीय क्याम्पस

## शिक्षाशास्त्र केन्द्रीय विभाग

महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिलः

| क.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

नोटः

- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैंक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

आवश्यक प्रमाणपत्रहरु:

- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

विभागीय प्रमुख

